## जानकारी राख्नु पर्ने मुख्य विषयहरू

✓ प्रदेश सेवाका पद तथा प्रदेश र स्थानीय तहको संगठित संस्थाहरूको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका प्रत्येक असार मसान्तका दिन आयोगको ववेसाइट ppsc.p2.gov.np मार्फत सार्वजनिक गरिन्छ ।

✓ पदपूर्ति सम्बन्धी विज्ञापन एवं अन्य सूचनाहरू आयोगको वेवसाइट तथा विहिवार प्रकाशन हुने गोरखापत्रमा प्रकाशन हुन्छन् ।

✓ उम्मेदवारले दरखास्त बुझाउने प्रकृया आयोगले निर्णय गरे बमोजिम हुन्छ ।

✓ खुला प्रतियोगिता सम्बन्धी विज्ञापनमा दरखास्त दिने म्याद २१ दिनको हुन्छ र थप ७ दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिन्छ ।

✓ दरखास्त दिने अन्तिम मिति (२१ औं दिन) सम्ममा सहायक स्तरको पदमा १८ वर्ष र अधिकृतस्तरको पदमा २१ वर्ष उमेर पूरा भएको र ३५ वर्ष उमेर ननाघेको हुनुपर्दछ तर, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको र अधिकृत नवौं तहको पदमा दरखास्त दिन ४५ वर्ष उमेर ननाघेको हुनुपर्दछ ।

✓ विभिन्न पदका लागि आवश्यक न्युनतम शैक्षिक योग्यताहरू तत्तत् सेवासँग सम्बन्धित कानूनमा तोकिएको हुन्छ । सम्बन्धित विज्ञापनमा समेत उक्त योग्यताहरू उल्लेख गरिएको हुन्छ ।

✓ स्वास्थ्य सेवा तर्फका पदमा दरखास्त दिने उम्मेदवार दरखास्त दिने अन्तिम मितिसम्ममा सम्बन्धित काउन्सिलमा दर्ता भैसकेको हुनुपर्दछ।

✓ दरखास्त दिंदा नागरिकता, फोटो, शैक्षिक योग्यताको प्रमाणपत्र र सूचनामा तोकिएको अन्य कागजात पेश गर्नु पर्दछ ।

✓ समावेशी समूहका विज्ञापनमा दरखास्त दिन सम्बन्धित कानूनमा सूचिकृत भए बाहेकका थर भएका उम्मेदवारहरूले आयोगले तोके अनुसार दरखास्त बुझाउने अन्तिम मितिभित्र जारी भएको प्रमाण पत्र पेश गर्नु पर्दछ ।

✓ विज्ञापन हुने सबै पदका पाठ्यक्रमहरू आयोगको वेवसाइट ppsc.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।


## सूचना प्राप्त गर्ने माध्यमहरू:

➢ आयोगको वेवसाइट ppsc.p2.gov.np मा निम्न विषयका सूचनाहरू उपलब्ध छन् :

- पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका
- विज्ञापन, पाठ्यक्रम तथा परीक्षा कार्यक्रम
- लिखित परीक्षा नतिजा तथा सिफारिसहरू
- प्रदेश तथा स्थानियतहको सङ्गठित संस्थाका परीक्षा कार्यक्रम तथा लिखित परीक्षाका नतिजाहरू
- दरखास्त फारम र अन्य फारमहरू
- परीक्षामा अनियमितता गर्ने उपर भएको कारवाही
- ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरू
- साप्ताहिक सूचना पत्र (बुलेटिन), त्रैमासिक समाचार पत्र र वार्षिक प्रतिवेदनहरू
- आयोगको अन्य सूचनाहरू

➢ आयोगका विज्ञापन तथा अन्य सूचनाहरू विहिवारका दिन गोरखापत्रमा प्रकाशन हुन्छन् ।

## पदपूर्ति सम्बन्धी कार्यप्रवाह




# प्रदेश लोक सेवा आयोग
## Province Public Service Commission



## प्रदेश लोक सेवा आयोग, प्रदेश नं. २
## जनकपुरधाम





Website : ppsc.p2.gov.np | Email : psc.p2gov@gmail.com
Phone No. 041-590247

## परिचय

## प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई प्रवर्द्धन गरी सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, सेवामुखी जिम्मेवार र प्रतिष्पर्धी बनाउन लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्ड बमोजिम हुने गरी मिति २०७६।०५।२२ मा आयोगको अध्यक्ष श्री सुरेन्द्र प्रसाद यादव र २०७६।०७।०४ मा सदस्यहरू श्री महारुद्र झा र डा. सुजाता देवको नियुक्ति भई नेपालको संविधानको भाग २३ धारा २४४ उपधारा (१) मा व्यवस्था गरिए अनुसार प्रदेश लोक सेवा आयोग, प्रदेश नं. २, जनकपुरधाममा स्थापना गरिएको छ ।

प्रदेश लोक सेवा आयोगमा अध्यक्ष समेत गरी तीन जना पदाधिकारी रहन्छन् । जसमा २ जना सदस्य बीस वा सो भन्दा बढी अवधिसम्म सरकारी सेवामा रहेका व्यक्ति मध्येबाट र बाँकी सदस्य सोध अनुसन्धान अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट प्रदेश मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामुख र प्रदेश सभाको विपक्षी दलको नेता रहेको समितिको सिफारिसमा प्रदेश प्रमुखबाट नियुक्त हुने व्यवस्था छ । अध्यक्ष र सदस्यहरूको पदावधि नियुक्त भएको मितिले ६ वर्षको हुन्छ।

## प्रदेश लोक सेवा आयोगले गर्ने कार्यहरू

**पदपूर्तिः** विभिन्न प्रतियोगितात्मक परीक्षाहरू सञ्चालन गरी आयोगले प्रदेश सेवाको पदमा उपयुक्त उम्मेदवार छनौट गर्दछ र स्थायी नियुक्तिको लागि सिफारिस गर्दछ । त्यस्तै प्रदेश तथा स्थानियतहका अन्य सरकारी सेवा र संगठित संस्थाहरूको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षाहरू आयोगले सञ्चालन गर्दछ ।

**परामर्शः** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ को उपदफा (३) बमोजिम देहायका विषयमा आयोगको परामर्श लिनुपर्नेछः

(क) प्रदेश सेवाको पदको कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) प्रदेश सेवाको पदमा छ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको प्रदेश सेवाको पदबाट अर्को प्रकारको प्रदेश सेवाको पदमा सरूवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा र

(ङ) प्रदेश सेवाका कर्मचारीलाई दिइने विभागिय सजायको विषयमा।

## संङ्गठित संस्थाको पदपूर्ति

प्रदेश तथा स्थानीयतहको संङ्गठित संस्थामा रहने पदपूर्ति समितिहरूमा आयोगबाट प्रतिनिधित्व रहन्छ । आयोगको सहमति लिएर सम्बन्धित संस्थाले विज्ञापन गर्दछन् र दरखास्त संकलन गर्दछन् । दरखास्तको विवरण प्रदेश लोक सेवा आयोगमा प्राप्त भएपछि आयोगबाट लिखित परीक्षा सञ्चालन गरिन्छ । उक्त उत्तरपुस्तिकाहरू परीक्षण गरी आयोगले लिखित नतिजा प्रकाशन गर्दछ । सम्बन्धित निकाय/संस्थाको पदपूर्ति समितिले लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको अन्तर्वार्ता लगायत तोकिएको अन्य परीक्षण विधि सञ्चालन गरी स्थायी नियुक्तिका लागि सिफारिस गर्दछ ।

## कार्यसम्पादनका आधारहरू

प्रदेश लोक सेवा आयोगले आफ्ना निर्णय, काम-कारवाही र आचरणमा योग्यता, निष्पक्षता र स्वच्छताका मूलभूत मुल्यहरू प्रतिविम्बित गर्दै विद्यमान ऐन, कानूनको परिधिभित्र रही देहायका आठ सिद्धान्तका आधारमा कार्यसम्पादन गर्दछ ।

१. **योग्यता (Principle of Merit) :** आयोगबाट सञ्चालन हुने प्रतियोगात्मक परीक्षाहरूमा अव्वल ठहर्ने उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिन्छ ।

२. **स्वच्छता (Principle of Fairness) :** आयोगका सम्पूर्ण काम कारवाहीमा इमान्दारिता, जिम्मेवारीता, विश्वसनियता र उत्तरदायित्व सुनिश्चित गरिन्छ । आयोगले लिने निर्णय र मातहतका कार्यालयबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ एवं वस्तुपरक बनाउन आवश्यक संस्थागत एवं संरचनागत प्रबन्ध गरिन्छ ।

३. **निष्पक्षता (Principle Impartiality) :** आयोगका निर्णय र परीक्षा सम्बन्धी काम कारवाही पुर्वाग्रह रहित सम्पादन गरिन्छ, कुनै पनि किसिमले कसैसँग पक्षपात गरिदैन ।

४. **समान अवसर (Principle of Equal Opportunity) :** तोकिएको योग्यता पुग्ने सबै नेपाली नागरिकलाई दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ ।

५. **द्विअन्ध सिद्धान्त (Double-Blind Principle) :** पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइदैन र जानकारी समेत दिईदैंन ।

६. **परिचय-शून्यता (Principle of Identity Masking) :** उत्तर पुस्तिका परीक्षण गर्नु अघि दोहोरो संकेतिकरण प्रक्रिया मार्फत उत्तरपुस्तिकाबाट दरखास्त दिने उम्मेदवारको परिचय अलग गरी उत्तरपुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित गरिन्छ ।

७. **असलंग्नता (Principle of Non-Involvement) :** आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा उम्मेदवार भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको सम्पूर्ण प्रक्रियामा संलग्न नहुने प्रणाली सुनिश्चित गरिन्छ ।

८. **गोपनीयता (Principle of Secrecy) :** परीक्षा प्रणालीलाई विश्वसनीय र गुणस्तरीय बनाउन पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरुमा आयोगले गोपनीयता कायम राख्दछ ।

## सार्वजनिक सेवाको महत्व

- सार्वजनिक सेवाको क्षेत्र व्यापक भएकोले परिश्रमी र सक्षम व्यक्तिलाई रोजगारीका प्रशस्त अवसरहरू हुन्छन् ।
- प्रदेश सेवा तथा अन्य सरकारी सेवा मार्फत जनताको सेवा गर्ने अवसर प्राप्त हुन्छ र देखिने गरी समाजमा योगदान गर्न सकिन्छ।
- विविधतायुक्त समावेशी कार्य-वातावरण मार्फत बहुल समाजमा सेवा प्रवाहको अनुभव लिने अवसर प्राप्त् हुन्छ ।
- शिक्षा, तालिम र विभिन्न क्षमता विकासका कार्यक्रमहरू मार्फत सिक्ने र व्यक्तित्व विकास गर्ने पर्याप्त अवसर मिल्दछ ।
- प्रदेश लोक सेवा आयोगको परीक्षा पद्धति पारदर्शी र विश्वसनीय हुने भएकोले कसैसँगको चिनजान र भनसुन बिना नै सक्षम व्यक्ति छनौट हुन्छन् ।